प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

(योजना तथा कार्यक्रम शाखा)
बुटवल, नेपाल

प.सं.: २०७७/७८
च.नं.:

मिति:२०७७/०४/२१

**विषय: सीमा क्षेत्रका विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण सम्बन्धी प्रस्ताव पत्र आह्वान गरिएको बारे।**

प्रस्तुत विषयमा यस निर्देशनालयको यस आ.व. को वार्षिक कार्यक्रम सीमा क्षेत्रमा अवस्थित सामुदायिक विद्यालयहरुको पूर्वाधार निर्माण/विकास गर्ने कार्यक्रम भएकोले प्रदेश अन्तर्गत भारत संग सीमा जोडिएका स्थानीय तह/वडा मा अवस्थित विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित आ.व. २०७५/७६ को विद्यालयको लेखा परीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन सहित सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र निम्न लिखित ढाँचामा सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सूचना जारी गरिएको छ। म्याद भित्र दर्ता नभएका कागजात उपर कुनै कार्यवाही हुने छैन।

**प्रस्तावको ढाँचा**

१.विद्यालयको ऐतिहासिक/भौगोलिक पृष्ठभूमि सहितको संक्षिप्त चिनारी

२.विद्यालयको भौतिक अवस्था:

क) जग्गा क्षेत्रफल: विद्यालयको आफ्नै नामको वा भोगाधिकार खुलाउने।

ख) विद्यालयले हाल उपयोग गरेको क्षेत्रफल खुलाउने

ग) विद्यालयको भवन संख्या:...................... , कोठा संख्या..................

घ) मर्मत गर्नु पर्ने भवन/कोठा भए स्पष्ट खुलाउने

ङ) खानेपानीको अवस्था: हाल भइ रहेको अवस्था स्पष्ट उल्लेख गर्ने।

च) शौचालयको अवस्था: युनिट संख्या।
छात्र/छात्राको अलग अलग छ कि छैन खुलाउने।
स्टाफले प्रयोग गर्ने छुट्टै छ कि छैन खुलाउने।
प्रति युनिट सरदर कति विद्यार्थीले उपयोग गर्छन खुलाउने।

छ) कम्पाउन्ड वालको अवस्था: विद्यालयले चर्चेको जग्गाको परिधि।
कम्पाउन्डवाल लगाइएको छ, छैन, छ भने पक्की हो कि कच्ची, आंशिक वा पूरा सबै खुलाउने।

३.विद्यार्थीको विवरण: कक्षागत।
लिङ्गगत।
जातिगत(दलित,जानजाती,मुस्लिम,सीमान्तकृत,मुक्तकमैया,कम्लहरी सबै खुलाउने)।

४.सञ्चालित कक्षा: कक्षा, सेक्सन समेत उल्लेख गर्ने।

५.क) पुस्तकालय, प्रयोगशाला, कार्यालयको रुपमा प्रयोग भएका कोठा संख्या।

ख) पुस्तकालय र प्रयोगशालाको हालको अवस्था स्पष्ट खुलाउने।

६.आवश्यकताको आधारमा प्रस्ताव गरेको कार्यक्रम:

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

(योजना तथा कार्यक्रम शाखा)

बुटवल, नेपाल

प.सं.: २०७७/७८

च.नं.:

क)कक्षाकोठा निर्माण भए कति कोठाको।

ख)अन्य भए औचित्य पुस्टी हुने आधार सहित प्रस्ताव गर्ने।

७.प्रस्तावित कार्यक्रमको अनुमानित लागत: स्रोत व्यहोर्ने निकाय।

८.कार्य योजना

९.सम्भावित प्रतिफल सूचक

**शर्तहरु:**

१. प्रस्तावना पेश गर्ने सामुदायिक विद्यालयहरु हुलाकी राजगमार्ग बाट दक्षिण भारतसंग सीमा जोडिएको पालिका / वडामा अवस्थित भएको हुनु पर्नेछ।

२. विद्यालय व्यवस्थापन समिति गठन भइ म्याद नसकिएको हुनु पर्नेछ।

३. शैक्षिक तथ्याङ्क अध्यावधिक गरी UPLOAD गरेको हुनु पर्नेछ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१.विद्यालय व्यवस्थापन समिति गठन भएको निर्णय प्रतिलिपि।

२.सम्बन्धित पालिकाले साझेदारीतामा कति रकम व्यहोर्न सक्ने हो सोको प्रतिवद्धता सहितको सिफारिस पत्र।

३.आ.व. २०७५/७६ को लेखा र परीक्षण सामाजिक परीक्षण प्रतिवेदन।

मनोज कुमार गैरे

नि. निर्देशक

**नोट:- सीमा क्षेत्रका विद्यालय भन्नाले निम्नलिखित पालिकामा अवस्थित विद्यालयहरुलाई जनाउँदछ।**

१. नवलपरासी पश्चिम: सुस्ता, पाल्हिनन्दन, प्रतापपुर र सरावल।

२. रुपन्देही: रोहिणी, सिद्धार्थनगर, मायादेवी, कोटहीमाई, मर्चवारी, सम्मरीमाई र लुम्बिनी सांस्कृतिक।

३. कपिलवस्तु: विजयनगर, कृष्णनगर, महाराजगंज, यशोधरा, मायादेवी र शुद्दोधन।

४. दाङ: राजपुर र गढवा।

५. बाँके: खजुरा, जानकी, नेपालगंज, डुडुवा र नरैनापुर।

६. बर्दिया: राजापुर, मधुवन, गुलरिया र बढैयाताल।